# प्रथम नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ
# तथा
# डिष्ट्रिक्ट क्याविनेट अफिसर्स पदस्थापन कार्यक्रम

## क्याविनेट सेक्रेटरीको प्रतिवेदन

लायन बच्चुराम शर्मा कुईकेल
क्याविनेट सेक्रेटरी
लायन बर्ष २०२५।२६

मितिः २०८२।०५।१४ (August 30, 2025)

**मितिः २०८२।०५।१४ (August 30, 2025)**

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को प्रथम नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ तथा डिष्ट्रिक्ट क्याविनेट अफिसर्स इन्स्टलेशन कार्यक्रमको अध्यक्षता ग्रहण गरिरहनु भएका आदरणीय डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यू, विभिन्न डिष्ट्रिक्टबाट प्रतिनिधित्व गर्नुहुने आदरणीय लायन लिडरज्यूहरु, क्याविनेटका पदाधिकारीज्यूहरु, लायन साथिहरु, लियो भाई बहिनीहरु तथा उपस्थित अतिथि गणहरु,

आज मिति २०८२ साल भाद्र महिना १४ गते शनिवार तदनुशार अगष्ट ३०, २०२५ को दिन यस छिमेकी पार्टी प्यालेसको हलमा सम्पन्न हुन गईरहेको लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि को प्रथम डिष्ट्रिक्ट क्याविनेट मिटिङ तथा डिष्ट्रिक्ट क्याविनेट अफिसर्स इन्स्टलेशन कार्यक्रममा यहाँहरु सवैलाई न्यानो स्वगत तथ अभिवादन व्यक्त गर्दछु । लायन बर्ष २०२५।२६ का लागि हामिहरुलाई डिष्ट्रिक्ट क्याविनेटका बिभिन्न पदहरुमा मनोनित गरि सेव ागर्ने अवसर उपलब्ध गराउनु भएकोमा डिष्ट्रिक्ट क्याविनेटका सम्पूर्ण पदधिकारीहरुको तर्फबाट आदरणीयल डिष्ट्रिक्ट गभर्नरज्यू प्रति हर्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । आज यस गरिमामय सभामा डिष्ट्रिक्ट क्याविनेट सचिवको हैसियतले यो प्रतिवेदन पेश गर्न पाउँदा अत्यन्त गौरवान्वित महसुस गरेको छु । हामि सेवा गर्छौं भन्ने मूल मर्मलाई अत्मसात गर्दै यहाँहरुको सानिध्यमा काम गर्ने अवसर प्राप्त हुनु मेरोलागि अत्यन्त गर्वको बिषय बनेको छ । लायन्स अन्तर्राष्ट्रियका अध्यक्ष लायन ए.पि. सिंहको नारा "Lead to Serve, Serve to Lead" र डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यको नारा "Exultant Lion" लाई चरितार्थ गर्न हामिहरुले एकजुट भएर कर्म गर्नेछौं भन्ने विश्वास लिएको छ । आजको यस कार्यक्रमको उत्कृष्ट व्यवस्थापन तथा आतिथ्यताकोलागि आयोजक क्लबहरुलाई हर्दिक धन्यवाद ज्ञापन गर्दछु साथै क्यविनेट सचिवको रुपमा काम गर्ने क्रममा मलाई साथ सहयोग र हौसला प्रदान गर्नुहुने भाईस डिष्ट्रिक्ट गभर्नर ज्यूहरु, क्याविनेट ट्रेजररज्यू, ग्याट टिमका साथिहरु, डिष्ट्रिक्ट एडमिन लगायत सम्पूर्ण लायन साथिहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

अब म लायन बर्ष २०२५।६२ को सुरुवात भएको दिन जुलाई १, २०२५ देखि अगष्ट ३०, २०२५ सम्म यस डिष्ट्रिक्टबाट सम्पन्न भएको गतिविधहरुको विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**डिष्ट्रिक्ट क्याबिनेट पदाधिकारीहरुको घोषणाः**

डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफज्यूले छिमेकी पार्टी प्यालेस जोरपाटीमा एक बिशेष समारोहको आयोजना गरि लायन बर्ष २०२५।२६ का लागि डिष्ट्रिक्ट क्याविनेटका पदाधिकारीहरुको घोषणा गर्नु भएको थियो । डिष्ट्रिक्ट क्याविनेट पदिधिकारीहरुको घोषणाले लायन बर्ष २०२५।२६ मा डिष्ट्रिक्टको लक्ष्य प्राप्तिकोलागि सामुहिक पहल गर्ने गौरवान्वित टिमको गठन भएको छ । यो कार्यले आगामि बर्षलाई सफल बर्षको रुपमा परिभाषित गर्न मार्ग प्रशस्त गर्नेछ ।

**डिष्ट्रिक्ट क्याबिनेट पदाधिकारीहरुको प्रशिक्षण कार्यक्रमः**

लायन बर्ष २०२५।२६ का लागि डिष्ट्रिक्ट क्याविनेट पदाधिकारीको रुपमा मनोनित लायन लिडरज्यूहरुको लागि पर्यटकिय नगरी पोखरामा अवस्थित The Lakeside Retreat होटलमा मिति २०८२।०२।०२-०३ गते तदनुशार १६-१७ मे, २०२५ मा दुई दिने आवासीय क्याविनेट पदाधिकारीहरुको प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा नव नियुक्त क्याविनेट पदाधिकारीरुको काम, कर्तव्य र अधिकारको बारेमा प्रशिक्षण दिइएको थियो । कार्यक्रममा लायन्स अन्तर्राष्ट्रियको मापदण्ड अनुसार प्रशिक्षकहरुले आवश्यक ज्ञान र सिप प्रदान गर्नुभएको थियो । यसका साथै डिष्ट्रिक्टको चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटरहरु, रिजन चेयरपर्सनहरु तथा जोन चेयरपर्सनहरुलाई बिषयगत बिशेष प्रशिक्षण समेत दिइएको थियो ।

**चिफ एरिया कोअर्डिनेटरद्वारा चिफ एरिया प्लानिङ्ग मिटिङ सम्पन्नः**

लायन बर्ष २०२५।२६ का लागि चिफ एरिया कोअर्डिनेटरको भुमिकामा नियुक्त हुनु भएका लायन नरेश खड्का एमजेएफज्यूले मिति २०८२।०२।३१ गते शनिवार तदनुशार जुन १४, २०२५ का दिन लायन्स क्लब अफ काठमाण्डौंको सभाकक्षमा डिष्ट्रिक्टको योजना र कार्यक्रमको बिषयमा छलफल गर्न र लक्ष्य प्राप्तिकोलागि योजना तर्जुमा गर्न डिष्ट्रिक्ट गभर्नर्स टिम, ग्याट टिम, एरिया कोअर्डिनेटरहरु, रिजन चेयरपर्सनहरु तथा जोन चेयरपर्सनहरु सम्मिलित बैठक आयोजना गर्नु भएको थियो । कार्यक्रममा चिफ एरिया कोअर्डिनेटर ज्यूले डिष्ट्रिक्टको योजना तथा

कार्यक्रम माथि प्रकाश पार्नुको साथै एरिया कोअर्डिनेटर ज्यूहरु लाई उहाँहरुले प्राप्त गर्नु भएको लक्ष्यको बारेमा जानकारी समेत गराउनु भएको थियो ।

**डिष्ट्रिक्ट गभर्नरको पदभार ग्रहणः**

मिति २०८२।०३।१७ गते मंगलवार तदनुसार जुलाई १, २०२५ का दिन लायन बर्ष २०२५।२६ का लागि नव निर्वाचित डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ ज्यूद्वारा एक बिशेष समारोहका बिच डिष्ट्रिक्ट गभर्नरको रुपमा पदभार ग्रहण गर्नु भयो । कार्यक्रममा निवर्तमान डिष्ट्रिक्ट गभर्नर लायन सुरेन्द्र प्रकाश बालायज्यूले नव निर्वाचित डिष्ट्रिक्ट गभर्नरज्यूलाई पदभार हस्तान्तरण गर्नु भएको थियो । सोहि समारोहमा निवर्तमान क्याविनेट सेक्रेटरी लायन राजेन्द्र दुलाल एमजेएफज्यूले नव नियुक्त क्याविनेट सेक्रेटरी लायन बच्चुराम शर्मा कुईकेललाई र निवर्तमान क्याविनेट ट्रेजरर लायन मन्दर शिखर बन्दोपाध्यायज्यूले नव नियुक्त क्याविनेट ट्रेजरर लायन जनार्दन तिमिल्सिनालाई पदभार हस्तान्तरण गर्नु भएको थियो । कार्यक्रममा डिष्ट्रिक्टका पिडिजी ज्यूहरु तथा डिष्ट्रिक्टका विभिन्न पदमा रहनुभएका लायन लिडरज्यूहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

**डिष्ट्रिक्ट गभर्नर सेवा महिनाः**

लायन बर्ष शुरुवातको महिना जुलाई महिनालाई डिष्ट्रिक्ट गभर्नर सेवा महिनाको रुपमा विविध सेबाको कार्यक्रम गर्दै मनाउने परम्परालाई निरन्तरता दिंदै यस बर्ष पनि जुलाई १, २०२५ देखिनै बिभिन्न क्लबहरुले एकल वा संयुक्त रुपमा विविध सेवाको कार्यहरु गरि सेवा महिनालाई उल्लास पूर्ण तरिकाबाट मनाईयो । बिशेष गरि एरिया कोअर्डिनेटर ज्यूहरुले आ-आफ्नो एरिया अन्तर्गतका क्लबहरुको संयुक्त प्रयासबाट प्रत्येक दिन जस्तो कार्यक्रमहरु सम्पन्न गरिएको थियो । सेवा महिना अवधिमा एरिया ३ बाट महिनाको पहिलो १० दिन एरिया १ बाट महिनाको दोश्रो १० दिन र एरिया २ बाट महिनाको अन्तिम १० दिन सेवाका कार्यहरुको संयोजन गरिएको थियो । यसरी सेवा महिना मनाउँदै गर्दा लायन्स अन्तर्राष्ट्रियको गरिमा लाई समुदाय सम्म फैलाउनकोलागि कार्यक्रम सफल भएको छ ।

**क्लब पदाधिकारीहरुको प्रशिक्षण कार्यक्रमः**

लायन बर्ष २०२५।२६ का लागी नवनिर्वाचित क्लब पदाधिकारीहरुको लाई डिष्ट्रिक्टको योजना तथा कार्यक्रमको बिषयमा प्रकाश पार्दै क्लब पदाधिकारीहरुको काम कर्तव्य तथा अधिकारको बिषयमा जानकार गराउने उद्देश्यका साथ मिति २०८२।०३।२१ गते शनिवार तदनुशार जुलाई ५,२०२५ का दिन छिमेकी पार्टी प्यालेस जोरपाटीमा क्लब पदाधिकारी प्रशिक्षण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा बिभिन्न क्लबका क्लब पदाधिकारीहरुको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूले डिष्ट्रिक्टको योजना तथा कार्यक्रमको बारेमा प्रकाश पार्नु भएको थियो । यसका साथै लायन उत्तम प्रसाद झा एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा एफडिआई ज्यूहरुले लायन्स अन्तर्राष्ट्रिय र अन्य विविध विषयमा प्रशिक्षण दिनु भएको थियो । यसैगरी लायन रत्न बहादुर श्रेष्ठ एफडिआई, लायन मन्दर शिखर बन्दोपाध्याय र लायन सुमन तिवारी ज्यूहरुले लायन पोर्टलको बिषयमा र लायन धर्म शरण श्रेष्ठ, लायन बच्चुराम शर्मा कुईकेल, लायन जनार्दन तिमिल्सिना ज्यूहरुले क्लब पदधिकारीहरुको भुमिका र जिम्मेवारीको बिषयमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा क्लब पदाधिकारीज्यूहरुले हासिल गर्नुभएको ज्ञान र सिपको प्रयोगबाट लायन बर्ष २०२५।२६ मा क्लब तथा डिष्ट्रिक्ट लाई सफल क्लब र डिष्ट्रिक्टको रुपमा परिभाषित गर्न प्रेरणा र उर्जा दिएको छ । समग्र कार्यक्रमको संयोजन जिएलटी डिट्रिक्ट कोअर्डिनेटर लायन राजेन्द्र दुलालज्यूले गर्नु भएको थियो ।

**जोन, रिजन, एरिया कार्यशालाः**

डिष्ट्रिक्टले मिति २०८२ श्रावण ३ गते शनिवार तदनुसार जुलाई १९,२०२५ का दिन शंखरापुर नगरापालिका वडा नं. ३, जहरसिंपौवा स्थित जरसिंङ रिसोर्टमा जोन, रिजन, एरिया कार्यशाला सम्पन्न गरियो । चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटरहरु, रिजन तथा जोन चेयरपर्सनहरुको सहभागिता रहेको कार्यक्रममा प्रशिक्षको रुपमा लायन उत्तम प्रसाद झा एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा एफडिआई, लायन धन प्रसाद लामिछाने एफडिआई, लायन रत्न बहादुर श्रेष्ठ एफडिआईज्यूहरुले विभिन्न विषयमा प्रशिक्षण दिनु भएको थियो । कार्यशालाले  सहभागिहरुको वृत्ति बिकास तथा क्षमता अभिवृद्धिमा महत्वपुर्ण योगदान गरेको छ ।

**डिएलएलआइ कार्यक्रम:**
लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा लायन सदस्यहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्दिका लागि संस्थागत पहल गर्न डिएलएलआई कार्यक्रमको आयोजना गरियो । मिति २०८२।०४।१६-१७ गते तदनुशार अगष्ट १-२, २०२५ मा हिमालय दृष्य रिसोर्टमा आवासीय रुपमा आयोजित कार्यक्रममा डिष्ट्रिक्ट अन्तर्गतका विभिन्न क्लबबाट ४५ जना लायन सदस्यहरुको सहभागिता रहेको थियो । कार्यक्रममा प्रभावकारी र प्रतिस्पर्धात्मक सिकाईको गुणस्तर कायम राख्न सहभागि लायन साथिहरुलाई सगरमाथा, मकालु, गौरी शंकर र जुगल गरि ४ ग्रुपमा बिभाजन गरिएको थियो । जिएलटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन राजेन्द्र दुलाल एमजेएफज्यूको संयोजकत्वमा सम्पन्न कार्यक्रममा प्रमुख प्रशिक्षकको रुपमा मल्टिपल डिष्ट्रिक्ट जिएलटी कोअर्डिनेटर लायन उत्तम प्रसाद झा एलसिआइपी ज्यू रहनु भएको थियो भने अन्य प्रशिक्षकहरुमा लायन रविन्द्र बहादुर प्रधान एलसिआईपी, लायन रमेश कुमार लामा एफडिआई, लायन योगराज कंडेल शर्मा एफडिआई, लायन शुरेन्द्र जाकिबन्जार एफडिआई, लायन धन प्रसाद लामिछाने एफडिआई ज्यूहरु रहनु भएका थियो । कार्यक्रमा विभाजन गरिएको ग्रुपको सहजिकरणको लगि प्रमुख टिम कोअर्डिनेटरको रुपमा आईपिडिजी लायन सुरेन्द्र प्रकास वलाय रहनु भएको थियो । यसैगरि टिम व्यवस्थापनको लागि टिम लिडरको रुपमा लायन पाण्डव गुरुङ तथा लायन ठण्ठराज ठकुरी टिम शगरमाथा, लायन ठाकुर प्रसाद तिवारी तथा लायन नरेश खड्का टिम मकालु, लायन विश्वराज रिजाल तथा लायन सुमन तिवारी टिम गौरी शंकर र लायन दिपक चापागाई तथा लायन बच्चुराम शर्मा कुईकेल टिम जुगलमा रहनु भएको थियो ।

**नेपाल लायन दिवस कार्यक्रम:**
नेपालमा लयन्स अन्तर्राष्ट्रिय संस्थागत रुपमा भित्रिएको दिन अगष्ट ९ को दिनलाई नेपाल लायन दिवसको रुपमा मनाउने परम्परालाई निरन्तरता दिंदै यस बर्ष पनि डिष्ट्रिक्ट अन्तर्गतका क्लबहरुले विविध सेवाका कार्यक्रमहरु आयोजना गर्दै नेपाल लायन दिवस मनइएको थियो ।

**रक्तदान महायज्ञ:**
मल्टिपल डिष्ट्रिक्टको गौरवको योजनाको रुपमा रहेको त्रिभुवन विश्वविद्यालय लायन्स रक्त संचार तथा अनुशन्धानकेन्द्र संचालनमा आएको एक बर्ष पुरा भएको अवसरमा मल्टिपल डिष्ट्रिक्टद्वारा एक डिष्ट्रिक्ट एक दिन, एक व्यक्ति एक दान, रक्तदान जीवन दान भन्ने मुल नाराका साथ आयोजित रक्तदान महायज्ञमा डिष्ट्रिक्ट ३२५ डि को पालो परेको दिन २०८२ भाद्र २ गते सोमवार ब्लड बैंक परिसरमा जम्मा भई रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो ।

**ट्रि गार्ड हस्तान्तरण कार्यक्रम:**
डिष्ट्रिक्ट ३२५ डि को आयोजना तथा लायन्स क्लब अफ काठमाण्डौं मनहराको संयोजनमा गोकर्णेश्वर नगरपालिका वडा नं. ४ माकलबारी स्थित बागमती करिडोर परिसरमा रहेको बोट बिरुवाको संरक्षण हेतु ५० वटा ट्रि गार्ड हस्तान्तरण गरियो । लायन बर्ष २०२४।२५ का मार्केटिङ्ग डिष्ट्रिक्ट कोअर्डिनेटर लायन पाण्डव गुरुङको संयोजनमा डिष्ट्रिक्टका विभिन्न क्लबहरुबाट आर्थिक संकलन गरि तयार परिएको ट्रि गार्डहरु मिति २०८२।०५।०६ गते शुक्रबार गोकर्णेश्वर नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष श्री जयराम महत ज्यूको रोहवरमा हस्तान्तरण गरिएको थियो ।

**पिडिजि बैठक:**
डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्यज्यूले मिति २०८२।०५।११ गते बुधबार तदनुशार अगष्ट १७, २०२५ को दिन स्मार्ट महल, धुम्बाराहीमा पुर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको बैठक आयोजना गर्नुभयो । बैठक डिष्ट्रिक्टले लिएको लक्ष्य प्राप्त गर्नकोलागि पूर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको साथ र सहयोग तथा आवश्यक मार्ग निर्देशनको बिषयमा केन्द्रित रहेको थियो । पूर्व डिष्ट्रिक्ट गभर्नरज्यूहरुको लामो अनुभवबाट हासिल भएको ज्ञानलाई प्रयोग गर्दै आगामी दिनमा डिष्ट्रिक्टले आफ्नो लक्ष्य प्राप्ति गर्नुको सथै नयाँ उचाई लिनेछ भन्ने बैठकको निष्कर्श रहेको थियो ।

**मिसन १.५ शिखर सम्मेलन:**
लायन्स अन्तर्राष्ट्रियले लिएको मिसन १.५ को लक्ष्यलाई हासिल गर्न आवश्यक पुर्व तयारी तथा सदस्यता बृद्धि तथा क्लब बिस्तारको क्षेत्रमा कार्यगर्न प्रेरित गर्ने उद्देश्यले लायन्स अन्तर्राष्ट्रियले मिति जनु १९-२२, २०२५ मा

श्रीलंकाको कोलम्बो सहरमा मा आयोजना गरिएको मिसन १.५ शिखर सम्मेलमा डिष्ट्रिक्टको प्रतिनिधित्व गर्दै डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ तथा लायन बर्ष २०२५।२६ को लागि सदस्यता बृद्धि र क्लब बिस्तारको क्षेत्रमा कार्य गर्नकोलागि नियुक्त हुनु भएका जिएमटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन दिपक चापागाई एमजेएफ र जिईटी डिष्ट्रिक्ट कोअर्डिनेटर लायन ठण्डराज ठकुरी (राजन) एमजेएफ ज्यूले सहभागिता जनाउनु भएको थियो ।

**एलसिआईएफ सेमिनारः**

लायन्स अन्तर्राष्ट्रियको मुटुको रुपमा रहेको लायन्स क्लबस् अन्तर्राष्ट्रिय अक्षयकोष (Lions Clubs International Foundation) लाई अझ मजबुत बनाउन कोषमा योगदान गर्ने गराउनको लागि योजनाबद्ध रुपमा कर्या गर्ने र सो को लागि कार्य गर्न नियुक्त हुनु भएका एलसिआईएफ डिष्ट्रिक्ट कोअर्डिनेटर ज्यूहरुलाई प्रशिक्षित गराउन लायन्स अन्तर्राष्ट्रियद्वारा मिति २०८२।०२।२५-२७ तदनुसार जुन ८-१०, २०२५ का दिन काठमाण्डौं स्थित होटल हायातमा आवसिय रुपमा आयोजित एलसिआईएफ सेमिनारमा डिष्ट्रिक्ट गभर्नर लायन महेश आचार्य पिएमजेएफ र एलसिआईएफ डिष्ट्रिक्ट कोअर्डिनेटर लायन विश्वराज रिजाल एमजेएफको सहभागिता रहेको थियो ।

**गोकर्णेश्वर मन्दिर परिसर सरसफाई कार्यक्रमः**

कुशे औंशीको पावन अवसरमा गोकर्णेश्वर महादेव मन्दिर परिसरमा लाग्ने मेलाबाट भएको फोहोरा व्यवस्थापन गर्नको लागि लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ डि द्वारा मिति २०८२।०५।०८ गते आईतवार तदनुशार अगष्ट २४, २०२५ का दिन गोकर्णेश्वर मन्दिर परिसर सरसफाई कार्यक्रम आयोजना गरियो । कार्यक्रममा डिष्ट्रिक्ट आइपिडिजी लायन सुरेन्द्र प्रकाश बालायज्यूको नेतृत्वमा डिष्ट्रिक्ट क्यविनेटका पदाधिकारीहरु र डिष्ट्रिक्ट अन्तर्गतका विभिन्न क्लबका प्रतिनिधिहरुको सक्रिय सहभागिता रहेको थियो ।

**डिष्ट्रिक्टको हाल सम्मको उपलब्धिहरुः**

| **१. सेवा सम्वन्धि तथ्यांङ्क** | | **डिष्ट्रिक्टको लक्ष्य** | **लक्ष्य प्राप्तिको औसत** |
|---|---|---|---|
| जम्मा सेवाका कार्यक्रम संख्या | ५१८ | १५०० | ३४.५४% |
| जम्मा सेवा प्राप्त व्यक्ति संख्या | १२८०११ | ३७५००० | ३४.१४% |
| जम्मा सेवा घण्टा | २१६३२ | १५०००० | १४.४३% |
| लायन पोर्टलमा रिपोर्टिङ औसत | ७३% | - | - |
| **२. सदस्यता सम्बन्धि तथ्यांङ्क** | | | |
| शुरुवाती सदस्य संख्या | १५१० | - | - |
| थप गरिएको सदस्य संख्या | ११२ | ६५० | १७.२३% |
| घटेको सदस्य संख्या | २६ | - | - |
| हालको सदस्य संख्या | १५९६ | - | - |
| घटे बढेको अबस्था | +८६ | +३५० | +२४.५७% |
| **३. क्लब सम्बन्धि तथ्यांङ्क** | | | |
| शुरुवाती क्लब संख्या | ६७ | - | - |
| थप भएको क्लब संख्या | २ | १५ | १३.३३% |
| घटेको क्लब संख्या | ० | - | - |
| हालको क्लब संख्या | ६९ | - | - |

मिति २०८२।०५।११ गतेको लायन पोर्टलबाट साभार गरिएको ।

**योगदान सम्बन्धि उपलब्धिहरुः**

**एलसिआईएफमा गरिएको योगदानहरुः**

| क्र.सं. | मिति | क्लबको नाम | दाताको नाम | योगदान रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं बासुकी | लायन विश्वराज रिजान | $७५० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन मेघदत्त रिजाल | $२०५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | $९६३ |
| ४ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भुवन चौलागाई | $१०० |
| ५ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन भिमसेन खतिवडा | $२५० |
| ६ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन केशव गौतम | $२५० |
| ७ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस् | लायन अमृत कायस्थ | $२५० |
| ८ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं शेयरीङ्ग हर्टस् | लायन प्रदिप उदास | $२५० |
| ९ | २०८२।०३।२३ | लायन्स क्लब अफ काठमाण्डौं महाँकाल | लायन रत्न बहादुर श्रेष्ठ | $१०० |
| १० | २०८२।०३।२७ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव प्रसाद घिमिरे | $१००० |
| ११ | २०८२।०४।०९ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन अमृता भुजेल | $१००० |
| १२ | २०८२।०४।२१ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | लायन नितु जैन | $५०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र दुलाल | $५० |
| १४ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं आभुषण | लायन क्षितिज खनाल | $१००० |
| १५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन राजेन्द्र गजुरेल | $९६३ |
| १६ | २०८२।०५।११ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन विनोद गजुरेल | $२५० |
| १७ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन ऋषिकेश पुडासैन | $५० |
| १८ | २०८२।०५।१२ | लायन्स क्लब अफ काठमाण्डौं हेल्पिङ्ग हर्टस् | लायन गोपाल गुरुङ | $२० |

**एलसिआइएफमा योगदान गर्न डिष्ट्रिक्टले लिएको लक्ष्य : $१८५००**

**हाल सम्म प्राप्त योगदान : $७९५१**

**प्राप्त उपलब्धिको औसत : ४२.९७%**

**एनएलएफ मा गरिएको योगदानहरु:**

| क्र.सं. | मिति | क्लबको नाम | दाताको नाम | योगदान रकम |
|---|---|---|---|---|
| १ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन नरेश खड्का | २५१०० |
| २ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं | लायन गोविन्द गौतम | ५१०० |
| ३ | २०८२।०३।१७ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | लायन श्याम प्रसाद रुपाखेती | १५००० |
| ४ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन गोविन्द काफ्ले | ५००० |
| ५ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन इश्वर निरौला | ५१०० |
| ६ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन सागर नाथ दंगाल | ५१०० |
| ७ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन रमेश राज अर्याल | २५१०० |
| ८ | २०८२।०३।२९ | लायन्स क्लब अफ काठमाण्डौं | लायन श्याम बहादुर श्रेष्ठ | ५००० |
| ९ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन तारा गुरुङ | ५१०० |
| १० | २०८२।०४।२२ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन सानुबाबु श्रेष्ठ | ५१०० |
| ११ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन दिपक चापागाई | ५१०० |
| १२ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन मंगलदाश श्रेष्ठ | ५१०० |
| १३ | २०८२।०४।२२ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन नेचर | लायन चाँदनी गुरुङ | ५१०० |
| १४ | २०८२।०४।२२ | लायन्स क्लब अफ टोखा काठमाण्डौं | लायन रोशन श्रेष्ठ | ५१०० |
| १५ | २०८२।०४।२३ | लायन्स क्लब अफ काठमाण्डौं जोरपाटी | लायन माधव घिमिरे | २५१०० |
| १६ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन बच्चुराम शर्मा कुईकेल | ५१०० |
| १७ | २०८२।०४।२७ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन शारदा खड्का | ५१०० |
| १८ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं बागमती नर्थ | लायन श्याम कुमार श्रेष्ठ | ५१०० |
| १९ | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं मेल्भीन जोन्स | लायन अर्जुन शेरचन | ५१०० |
| २० | २०८२।०४।२८ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली (क्लब एनएलएफ) | | ५१०० |
| २१ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं कपन | लायन राधा बुढाथोकी | ५१०० |
| २२ | २०८२।०५।०४ | लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस (क्लब एनएलएफ) | | ५१०० |
| २३ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन जानकी खड्का | ५१०० |
| २४ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं ग्रिन भ्याली | लायन सुजन मैनाली | ५१०० |

| | | | | |
|---|---|---|---|---|
| २५ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं डाँफे | लायन महेश आचार्य | २५००० |

**एनएलएफमा योगदान गर्न डिष्ट्रिक्टले लिएको लक्ष्य : रु. १०,००,०००।-**
**हाल सम्म प्राप्त योगदान : रु. २,१७,१००।-**
**प्राप्त उपलब्धिको औसत : २१.७१%**

**चिफ एरिया, एरिया, रिजन तथा जोन मिटिङः**

हाल सम्म चिफ एरिया कोअर्डिनेटरज्यू, एरिया कोअर्डिनेटर ज्यूहरुले आ-आफ्नो योजना ताथ कार्यक्रम सहितको एरिया मिटिङहरु सम्पन्न गरिसक्नु भएको छ । यसैगरी १६ जना जोन चेयर पर्सनहरु मध्ये १५ जना जोन चेयर पर्सन ज्यूहरुले आ-आफ्नो District Governors' First Advisory Committee Meeting सम्पन्न गरि सक्नु भएको छ ।

**एरिया मिटिङः**

| क्र.सं. | मिति | नाम | स्थान |
|---|---|---|---|
| १ | २०८२।०२।३१ | लायन नरेश खड्का, चिफ एरिया | लायन्स क्लब अफ काठमाण्डौंको सभाहल, मिनभवन |
| २ | २०८२।०३।१२ | लायन गोविन्द ढुङ्गेल, एरिया ३ | ओम साई प्यालेस, पुरानो बानेश्वर |
| ३ | २०८२।०४।०४ | लायन भोलानाथ चौलागाई, एरिया १ | छिमेकी पार्टि प्यालेस, जोरपाटी |
| ४ | २०८२।०४।२० | लायन डोल्मा शेर्पा, एरिया २ | स्मार्ट महल, धुम्बाराही |

**जोन मिटिङः**

| क्र.सं. | मिति | नाम | स्थान |
|---|---|---|---|
| १ | २०८२।०४।०९ | लायन गोविन्द गौतम, जोन ६ | लायन्स क्लब अफ काठमाण्डौंको सभाहल, मिनभवन |
| २ | २०८२।०४।१० | लायन शुष्मा ढकाल खतिवडा, जोन १ | छिमेकी पार्टि प्यालेस, जोरपाटी |
| ३ | २०८२।०४।२१ | लायन प्रकाश महर्जन, जोन २ | होटल क्राउन इम्पेरीयल, रविभवन |
| ४ | २०८२।०४।२१ | लायन रमेश राज अर्याल, जोन ५ | पिस वैंक्वेट, जोरपाटी |
| ५ | २०८२।०४।२२ | लायन रोशन पन्त, जोन ७ | स्मार्ट महल, धुम्बाराही |
| ६ | २०८२।०४।२२ | लायन दिपा शर्मा गौतम, जोन ३ | होटल स्मार्ट, धुम्बाराही |
| ७ | २०८२।०४।२३ | लायन केदार बहादुर कार्की, जोन ११ | फिनिक्स इन रेष्टुरेण्ट, जबमुडाँडा |
| ८ | २०८२।०४।२३ | लायन ऋषिकेश पुडासैनी, जोन ९ | पिस वैंक्वेट, जोरपाटी |
| ९ | २०८२।०४।२७ | लायन शुशिला पराजुली बराल, जोन १६ | कोजी कम्प्लेक्स, न्यूरोड |
| १० | २०८२।०४।२८ | लायन बुद्धकृष्ण बजगाई, जोन १३ | फिनिक्स इन रेष्टुरेण्ट, जबमुडाँडा |
| ११ | २०८२।०४।२९ | लायन दुर्गा बहादुर थापा, जोन १५ | कपन दरबार वैंक्वेट, कपन |
| १२ | २०८२।०४।३० | लायन उदय राज पौडेल, जोन १२ | थुम्बे रेष्टुरेण्ट, माकलबारी |
| १३ | २०८२।०४।३१ | लायन बिनोद गौचन, जोन १४ | बगान थकाली भान्सा घर, ठमेल |
| १४ | २०८२।०४।३१ | लायन डिल्ली प्रसाद दुलाल, जोन ४ | कपन भिलेज रिसोर्ट, जगडोल |
| १५ | २०८२।०५।०२ | लायन सानुबाबु श्रेष्ठ, जोन ८ | टोखा भ्यू रिसोर्ट, टोखा |

**क्लब स्थापना, सपथ ग्रहण तथा पदस्थापन कार्यक्रमः**

| क्र.सं. | मिति | नाम | स्थान |
|---|---|---|---|
| १ | २०८२।०४।१९ | लायन्स क्लब अफ काठमाण्डौं मनहरा | होटल चौतारी, नगरकोट |
| २ | २०८२।०४।२३ | लायन्स क्लब अफ काठमाण्डौं आकर्षण | अनुपम फुडल्याण्ड, वत्तिसपुतली |
| ३ | २०८२।०५।०९ | लायन्स क्लब अफ काठमाण्डौं थली | व्यन्जन पार्टि प्यालेस, थली |

लायन बर्ष २०२५।२६ का सम्पूर्ण क्याविनेट पदाधिकारीहरु, क्लब पदाधिकारी तथा सदस्यज्यूहरुले यस बर्षलाई उत्कृष्ट बर्षको रुपमा अनुवाद गर्न सक्रियताका साथ अगाडी बढ्नु भएको कुरा तथ्याँङ्कले नै देखाउको छ । डिष्ट्रिक्टका जिएटी टिमका पदाधिकारीज्यूहरुले आ-आफ्नो विधामा प्राप्त जिम्मेवारी पुरा गर्न तदारुपताका साथ लागि पर्नु भएको छ । यसैगरी चिफ एरिया कोअर्डिनेटर, एरिया कोअर्डिनेटर ज्यूहरु, रिजन तथा जोन चेयरपर्सन ज्यूहरुले पनि आफ्नो र आफु मातहतमा रहेको क्लबहरुले प्राप्त गरेको जिम्मेवारी पुरा गर्न गराउन क्रियाशिल रहि

आफ्नो मातहतमा रहेका क्लबहरुलाई उचित मार्गदर्शन गर्नु भएको छ। साथै सवै क्लबहरु लायन्स अन्तर्राष्ट्रियको हामि सेवा गर्छौं भन्ने मुल मर्मलाई आत्मसाथगर्दै सेवाको कार्याहरुमा, एलसिआईएफ तथा एनएलएफमा योगदान गर्ने कार्यमा र समयमै अन्तर्राष्ट्रिय, मल्टिपल डिष्ट्रिक्ट तथा डिष्ट्रिक्टमा बुझाउनु पर्ने शुल्क भुक्तानी गर्ने गराउने कार्यमा र लायन पोर्टलमा आ-आफ्नो गतिविधिहरु रिपोर्टिङ्ग गर्ने कार्यमा सवै लायन साथिहरुको उत्तिकै क्रियाशिलताले डिष्ट्रिक्ट ३२५ डि ले यस बर्ष एउटा नयाँ उचाई हासिल गर्ने छ र गौरवान्वीत लायन **(Exultant Lion)** को परिचय स्थापित गर्न सक्नेछ भन्ने विश्वास जागेको छ ।

अन्त्यमा प्रथम नियमित डिष्ट्रिक्ट क्याविनेट मिटिङ तथा डिष्ट्रिक्ट क्याविनेट अफिसर्स इन्ष्टलेशन कार्यक्रमलाई भव्य तथा सभ्य रुपमा सम्पन्न गर्न साथ सहयोग गर्नुहरने सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहान्छु।

धन्यवाद। जय लायन बाद॥

भवदीय:

......................................

लायन बच्चुराम शर्मा कुईकेल
डिष्ट्रिक्ट क्याविनेट सेक्रेटरी
डिष्ट्रिक्ट ३२५ डि, एम डि ३२५, नेपाल
लायन बर्ष २०२५।२६

**कार्यक्रम आयोजक क्लबहरु:**

- लायन्स क्लब अफ काठमाण्डौं डाँफे
- लायन्स क्लब अफ काठमाण्डौं स्मार्ट
- लायन्स क्लब अफ काठमाण्डौं लालीगुराँस
- लायन्स क्लब अफ सिन्धुपाल्चोक
- लायन्स क्बल अफ काठमाण्डौं राईजिङ्ग सन
- लायन्स क्बल अफ काठमाण्डौं इन्फिनिटी
- लायन्स क्बल अफ काठमाण्डौं माहाँकाल
- लायन्स क्बल अफ काठमाण्डौं पिस एण्ड एजुकेशन
- लायन्स क्बल अफ काठमाण्डौं कालीका
- लायन्स क्बल अफ काठमाण्डौं जोरपाटी
- लायन्स क्बल अफ काठमाण्डौं ग्रिनभ्याली
- लायन्स क्बल अफ काठमाण्डौं जेनिथ
- लायन्स क्बल अफ काठमाण्डौं तेज बिनायक
- लायन्स क्बल अफ काठमाण्डौं स्किल डेभलप्मेण्ट
- लायन्स क्बल अफ काठमाण्डौं बासुकी
- लायन्स क्बल अफ काठमाण्डौं
- लायन्स क्बल अफ काठमाण्डौं सेयरीङ्ग हर्टस्
- लायन्सक्लब अफ काठमाण्डौं सुकुन्दा